अध्याय ४

# यहोशू, न्यायकर्ता, रूथ

## यहोशू

### प्रतिज्ञाको देशभित्र प्रवेश र त्यसको प्राप्ति

पुरानो नियमका कतिपय पुस्तकहरू ती पुस्तकका प्रमुख व्यक्तित्वहरूकै नामहरूले जनाइन्छन् । यहोशूको पुस्तकको नाम उक्त पुस्तकका प्रमुख व्यक्तित्व यहोशूकै नाममा राखिएको हो । पुरानो नियमका अन्य कुन–कुन पुस्तकहरू प्रमुख व्यक्तित्वका नामले जनाइएका छन् ? केही उदाहरणहरू दिन सक्नुहुन्छ ? ______________________________________________

यहोशू विश्वासका वीर थिए । परमेश्वरले इस्राएल जातिलाई प्रतिज्ञाको देशभित्र ल्याउन र विजय दिन सक्नुहुन्छ भनेर यहोशूलाई पूरा विश्वास थियो (पृष्ठ ३२) । मोशालाई आफ्नो मृत्युको पूर्वजानकारी थियो । इस्राएलका सन्तानहरूलाई प्रतिज्ञाको देशभित्र नेतृत्व गरी जैजान परमेश्वरले चुन्नुभएको व्यक्ति यहोशू हो भनेर मोशालाई थाहा थियो (व्यवस्था ३१:७) । यहोशूको पुस्तकमा इस्राएलका सन्तानहरूलाई यहोशूले देशभित्र डोऱ्याएका र रणभूमिमा शत्रुहरूमाथि विजय हासिल गरेका घटनाहरूको बारेमा पढ्दछौं । मोशाले बाइबलका शुरुका पाँच पुस्तकहरू लेखे अनि यहोशूले बाइबलको छैटौं पुस्तक अर्थात् यहोशूको पुस्तक लेखे ।

"यहोशू" को माने "परमप्रभु मुक्ति हुनुहुन्छ" हो । उक्त नाउँले हामीलाई परमेश्वर हाम्रा महान् उद्धारक र मुक्तिदाता हुनुहुन्छ भन्ने कुराको सम्झना गराउँछ । यहोशूको समयमा परमेश्वरले इस्राएललाई तिनीहरूका सबै शत्रुहरूबाट छुटकारा दिनुभयो र सुरक्षासाथ प्रतिज्ञाको देशभित्र ल्याउनुभयो । पुरानो नियमको हिब्रू शब्द "यहोशू" र नयाँ नियमको ग्रीक शब्द "येशू" एउटै हो । येशू ख्रीष्टले हामीलाई केबाट छुटकारा दिनुहुन्छ (मत्ती १:२१) ? ______________________________________

### प्रस्थानपछि प्रवेश

प्रस्थानको पुस्तकमा परमेश्वरले **तिनीहरूलाई** मिस्रदेशबाट **निकालेर ल्याउनुभएको** कुराको बारेमा सिक्यौं । तर आफ्नो जातिलाई मिस्रदेशबाट निकालेर ल्याउनुमा परमेश्वरको महत्त्वपूर्ण अभिप्राय थियो । परमेश्वरले **तिनीहरूलाई** किन **निकाल्नुभयो** ? के तिनीहरू उजाडस्थानमा नै मरून् भनेर परमेश्वरले तिनीहरूलाई निकालेर ल्याउनुभएको हो ? ____________ । उहाँले आफ्ना जातिलाई किन निकाल्नेर ल्याउनुभयो भन्ने कुरा परमेश्वरले हामीलाई व्यवस्था ६:२३ मा बताउनुहुन्छ:

"हाम्रा पिता–पुर्खाहरूसँग शपथ खाएर दिनेछु भनी प्रतिज्ञा गर्नुभएको देश____ ____________ उहाँले हामीलाई त्यहाँबाट ______________ । "

परमेश्वरले उनीहरूलाई **भित्र ल्याउनालाई** बाहिर **निकाल्नुभयो** । परमेश्वरले उनीहरूलाई एउटा ज्यादै खराब कुरा (दासत्व) बाट छुटाउन चाहनुभएको मात्र थिएन तर तिनीहरूलाई एउटा ज्यादै असल कुरा (प्रतिज्ञाको देश) दिन पनि चाहनुभएको थियो । प्रस्थानमा हामी **परमेश्वरले तिनीहरूलाई निकाल्नुभएको** कुराको बारेमा सिक्छौं । यहोशूमा हामी घटनाक्रमको दोस्रो भागको बारेमा अर्थात् **परमेश्वरले तिनीहरूलाई भित्र ल्याउनुभएको** कुराको बारेमा सिक्छौं ।

इस्राएलका सन्तानहरू परमेश्वरले प्रतिज्ञा गर्नुभएको देशभित्र सरासर पस्नुपर्ने थियो । तर त्यसो नभएर तिनीहरू आफ्नो अविश्वासको कारण उजाडस्थानमा नै ४० वर्षसम्म यताउता चक्कर मार्दै बिताउन बाध्य भए (गन्तीको पुस्तकमा हेर्नुहोस्, यस अध्ययनमालाको अघिल्लो पाठमा) । गन्तीको पुस्तकमा उल्लेख भएका मानिसहरू परमेश्वरले उनीहरूलाई दिन चाहनुभएको त्यस सुन्दर देशभित्र पस्न र त्यसलाई प्राप्त गर्न चाहेनन्, र त्यसैले उनीहरू उजाडस्थानमा नै मरे ।

## केबाट मुक्त ? केका लागि मुक्त ?

इस्राएल जाति दासत्व**बाट** बचाइएका मात्र नभएर परमेश्वरका आशिषहरूले भरिएको प्रतिज्ञाको देशका **निम्ति** समेत बचाइएका थिए । उनीहरूका निम्ति परमेश्वरले यही नै प्रबन्ध गर्नुभएको थियो । यसबाट हामीले एउटा पाठ सिक्नुपर्छ । परमेश्वरले एउटा व्यक्तिलाई बचाउनुहुँदा उक्त व्यक्ति एकातिर केही कुराहरू**बाट बचाइएको** हुन्छ भने अर्कोतिर ऊ केही कुराहरूका **निम्ति** पनि बचाइएको हुन्छ । परमेश्वरले हामीलाई पाप र मृत्यु र नरक**बाट** बचाउनुभएको त छ, तर उहाँले हामीलाई केका **निम्ति** बचाउनुभएको हो ? निम्नलिखित पदहरूलाई बाइबलमा भेट्टाउनुहोस् अनि लेख्नुहोस्, एउटा विश्वासी के**बाट मुक्त** भएको छ र केका **निम्ति मुक्त** भएको छ:

१) १ थेस्सलोनिकी १:९

केबाट मुक्त ____________________________________________

केका निम्ति मुक्ति ________________________________________

२) कलस्सी १:१३

केबाट मुक्त ____________________________________________

केका निम्ति मुक्ति ________________________________________

३) तीतस २:१४

केबाट मुक्त ____________________________________________

केका निम्ति मुक्ति ________________________________________

४) यूहन्ना ५:२४

केबाट मुक्त ____________________________________________

केका निम्ति मुक्ति ________________________________________

के तपाईं "बाट–मुक्त" र साथै "निम्ति–मुक्त" विश्वासी हुनुहुन्छ ?

## सम्पत्तिको उपभोग

यहोशूको पुस्तकको एउटा चाबी पद यहोशू १:३ हो (त्यसलाई पढ्नुहोस्) । के परमेश्वरले इस्राएलका सन्तानहरूलाई त्यो देश दिनुभएकै थियो ? ___________ । परमेश्वरले उनीहरूलाई देश दिनु त भयो, तर त्यसभित्र प्रवेश गरी त्यसलाई लिनुपर्ने (त्यसलाई आफ्नो बनाउनुपर्ने) जिम्मेवारी उनीहरूको थियो ! देशभित्र पसेर तिनीहरूले उक्त भूमिलाई आफ्ना पैतालाले नै टेक्नुपर्थ्यो अनि तब मात्र त्यो देश उनीहरूको हुन सक्थ्यो !

मानौं तपाईंले फुटबल प्रतियोगिताको एउटा टिकट प्रतियोगिता हुनुभन्दा केही दिन अगाडी नै किन्नुभयो । प्रतियोगिता हुने दिनमा रङ्गशालामा एउटा सीट तपाईंकै लागि सुरक्षित हुन्छ । तर यदि तपाईं रङ्गशाला जानुभएन भने त्यो सीटको के काम लाग्छ र ? त्यो तपाईंकै थियो तर तपाईंले त्यसको प्रयोग गर्नुभएन । तपाईंले उपभोग गर्नुपर्ने कुरा गुमाउनुभयो । उनीहरूलाई प्रतिज्ञा गरिएको देशमा इस्राएलका सन्तानका लागि एउटा ठाउँ सुरक्षित थियो । उनीहरू त्यहाँ प्रवेश गरी त्यसलाई प्राप्त गरेको परमेश्वर चाहनुहुन्थ्यो ।

के इस्राएलका सन्तानहरू देशभित्र प्रवेश गरी त्यसलाई आफ्नो बनाए (यहोशू २१:४३) ? ______________ । के परमेश्वरले तिनीहरूलाई तिनीहरूका सबै शत्रुहरूमाथि विजय दिनुभयो (यहोशू २१:४४) ? ________________ । के परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो (यहोशू २१:४५) ? ______________

एक वृद्ध चाँदी खनकले पश्चिम अमेरिकाको पहाडहरूहुँदो चाँदीको खोजीमा आफ्नो जीवनै बिताए । आफ्नो खोजीमा उनी यति तल्लीन भएका थिए कि उनकी पत्नी र बालबाच्चाहरूले समेत उनलाई त्यागिदिएका थिए । उनी मरेपछि उनलाई दफन गर्न आएका दुईचार जनाले उनको साथमा एउटा सानो कागत भेट्टाए जसमा उनलाई उनकै छाप्रोमुनि दफन गरियोस् भन्ने निर्देशन लेखिएको पाइयो । साबेलले जमीन खन्दै जाँदा त्यहाँ खरानी रङ्गको चमकदार पद्धार्थ देखापर्न थाल्यो । त्यहाँ त क्यालिफोर्निया राज्यकै इतिहासमा सबैभन्दा मूल्यवान् चाँदी खानी भेटियो जुनचाहिँ "कम्स्टक सिल्भर भेन" को नामले प्रख्यात भयो ! त्यो खनक, एक खरबपति भए तापनि जीवनभरि उनलाई आफ्नो सम्पत्तिको कहिल्यै पत्तो

© Wordoftruth Publishing (2010) – *wordoftruth.com.np*

भएन अनि उनले आफ्नो सम्पत्तिको कहिल्यै उपभोग गरेनन् । उनले आफ्नो प्राप्तिलाई कहिल्यै प्राप्त गरेनन् । त्यो उनकै भएर पनि त्यो उनको हुन सकेन । उनले आफूसँग भएको कुराको कहिल्यै उपभोग गरेनन् ।

परमेश्वरका जनहरूले उनीहरूलाई दिइएका कुराहरू उपभोग गरोस् भन्ने परमेश्वर चाहनुहुन्छ ! पमरेश्वरले इस्राएलका सन्तानहरूलाई एउटा अति सुन्दर देश दिनुभयो र तिनीहरूले त्यसलाई पूर्णरूपमा अधिकार गरेको उहाँ चाहनुहुन्थ्यो । यहोशूको नेतृत्वमा इस्राएलका सन्तानहरूले थुप्रै विजयहरू हासिल गरे तरैपनि तिनीहरूले देशलाई पूर्णरूपमा आफ्नो बनाउन सफल भएनन् । इस्राएलका सन्तानहरूले कतिपय शत्रुहरूलाई धपाउन असफल भए र इस्राएलले अधिकार गर्नुपर्ने देशका कति भू–भाग ती शत्रुहरूले नै अधिकार गरे (हेर्नुहोस् यहोशू १७:१२–१३) । तिनीहरूले प्राप्त गर्न सक्ने र प्राप्त गर्नुपर्ने कयौं कुराहरूलाई इस्राएलीहरूले गुमाए !

## आज परमेश्वरका जनहरू

आजका विश्वासीहरूलाई विचार गर्नुहोस् । परमेश्वरले हामीलाई इस्राएल देशभित्र गएर त्यसलाई जित्न र अधिकार गर्न आदेश दिनुभएको छैन । आज हामीले कुन कुरालाई अधिकार गरेको परमेश्वर चाहनुहुन्छ ? परमेश्वरले आफ्ना जनहरूलाई दिनुभएका केही कुराहरू यस प्रकार छन्:

१) यूहन्ना १४:२७, १६:३३ – परमेश्वरले हामीलाई अशान्तिले भरिएको यस संसारको बीचमा शा______ दिनुभएको छ ।

२) यूहन्ना १५:११ – परमेश्वरले हामीलाई यस दु:खदायी संसारको बीचमा आ_________ दिनुभएको छ ।

३) यूहन्ना ८:१२ – परमेश्वरले हामीलाई अन्धकारमय संसारको बीचमा ज्यो_____ दिनुभएको छ ।

४) यूहन्ना १०:२८ – परमेश्वरले हामीलाई यस मृत्युमय संसारको बीचमा जी_______ दिनुभएको छ ।

यी हुन् हामीले अधिकार गर्नुपर्ने हाम्रा केही अधिकारहरू । के तपाईंले यी चारओटा कुराहरूलाई आफ्नै बनाउँदै हुनुहुन्छ ? के यस घडि तपाईंसित शान्ति छ ? के यस घडि तपाईंसित आनन्द छ ? के यस घडि तपाईं परमेश्वरको ज्योतिले चम्किरहनुभएको छ ? के यस घडि तपाईं परमेश्वरको जीवन उपभोग गर्दै हुनुहुन्छ ? यी कुराहरू तपाईंले कसरी अधिकार गर्न सक्नुहुन्छ ?

यहोशू १:३ मा पाइने हाम्रो चाबी पदलाई के तपाईंलाई याद गर्नुभएको छ ? परमेश्वरले इस्राएलका सन्तानहरूलाई एउटा सुन्दर प्रतिज्ञा दिनुभएको थियो: "तेरा ___________ले कुल्चिने सबै जग्गा म तँलाई ___________ । " यो प्रतिज्ञालाई पाएर तिनीहरूले के गर्नुपर्थ्यो ? तिनीहरूले **परमेश्वरलाई विश्वास** गर्नुपर्थ्यो, देशभित्र प्रवेश गर्नुपर्थ्यो, देशको जमीनमाथि आफ्नो पैतालाले टेक्नुपर्थ्यो र त्यसलाई आफ्नै बनाउनुपर्थ्यो किनकि परमेश्वरले त्यो उनीहरूलाई नै दिनुभएको थियो । आज विश्वासीहरू "वि________द्वारा" हिँड्नुपर्छ (२ कोरिन्थी ५:७) । इस्राएलका सन्तानहरू उक्त देशभित्र एउटा पैतालापछि अर्को पैतालाले टेक्दै गए र परमेश्वरले उनीहरूलाई विजय दिनुभयो । आज पनि विश्वासीहरूलाई परमेश्वरले विजय दिनुहुन्छ: "...अनि हाम्रो ___________ नै यो __________, हो जसले संसारमाथि जय प्राप्त गर्छ (१ यूहन्ना ५:४) । " हामी विश्वासको पैताला टेक्दै हिँड्नु छ, **पैताला–पैताला टेक्दै** परमेश्वरले दिनुभएको क्षेत्रलाई अधिकार गर्नु छ, हामीले जे–जे पाएको चाहनुहुन्छ ती सबलाई प्राप्त गर्नु छ ।

यहोशू र एफेसीका पुस्तकहरू

नयाँ नियमको एउटा पुस्तक यहोशूसित ज्यादै मिल्दोजुल्दो छ । त्यो हो एफेसीको पुस्तक । यहोशूको पुस्तकले भन्छ, **"बलियो होऊ"** (यहोशू १:६,७,९,१८) ! के एफेसीको पुस्तकले पनि यही कुरा भन्छ (एफेसी ६:१०) ? ___________ । यहोशूको पुस्तक युद्धहरू जित्ने योद्धाहरूको बारेमा हो । के एफेसीको पुस्तक पनि योद्धाहरूको बारेमा हो (एफेसी ६:११–१८) ? _________ । यहोशूको पुस्तक इस्राएलले देश अधिकार गर्ने बारेमा हो । एफेसीको पुस्तक ख्रीष्टियनहरूले ख्रीष्टमा उनीहरूलाई दिइएका सम्पत्ति र आशिषहरू अधिकार गर्ने बारेमा हो । हरेक ख्रीष्टियन एक आत्मिक खरबपति हो । तर आफू बास्तवमा नै कति धनवान् छु भनेर सबै ख्रीष्टियनहरूले महसुस गरेका हुँदैनन् र बास्तवमा थोरैले मात्र यी सम्पत्तिहरू अधिकार गर्दछन् र उपभोग गर्दछन् ।

परमेश्वरले कलवरीको क्रूसद्वारा आर्जन गर्नुभएको **विजयद्वारा** हामी विश्वास गर्नेहरूलाई उहाँद्वारा **प्रतिज्ञा गरिएका अधिकारहरूको** भागीदार बनाइएको छ । तर ती प्रतिज्ञा गरिएका अधिकारहरू प्राप्त गर्नालाई मेरो आफ्नो जिम्मेवारी पनि छ – ती सम्पत्तिका लागि मेरो चाहना हुनुपर्छ, प्रतिज्ञाहरू प्राप्त गर्नालाई मेरो अठोट हुनुपर्छ, **परमेश्वरद्वारा दिइएका अधिकारहरू** अनुभव र उपभोग गर्न खोज्दा आइपर्ने चुनौती र त्यसमाथि विजयी हुनाका लागि परमेश्वरमाथि मेरो भरोसा हुनु आवश्यक पर्छ ।

© Wordoftruth Publishing (2010) – *wordoftruth.com.np*

# न्यायकर्ता – इतिहासको दुःखद अध्याय

यहोशूको मृत्युपछिको इतिहासको कालखण्डलाई न्यायकर्ताको कालखण्ड भनिन्छ । यही समयमा नै इस्राएलका सन्तानहरू परमप्रभुबाट पछि हटे र उहाँको विरुद्धमा पाप गरे:

| यहोशूको पुस्तक | न्यायकर्ताको पुस्तक |
|---|---|
| विजय | पराजय |
| स्वतन्त्रता | दासत्व |
| विश्वास | अविश्वास |
| प्रभुतर्फको विश्वासयोग्यता | प्रभुबाटको पछि हटाइ |
| आनन्द | कष्ट |
| सामर्थ्य | कमजोरी |

जब मानिसहरू प्रभुदेखि पछि हट्छन् त्यसबेला केवल समस्या, अलमल र दुःख मात्र आइपर्छ ।

## न्यायकर्ताहरू को थिए ?

**न्यायकर्ताहरू** परमेश्वरले फरक–फरक समयमा इस्राएलका सन्तानहरूलाई तिनीहरूका शत्रुहरूदेखि छुटाउन र बचाउनालाई उठाउनुभएका गिदोन र शिमशोन जस्ता फरक–फरक पुरुषहरू थिए जसमध्ये दबोरा नाम गरेकी एउटी स्त्री पनि थिइन् । त्यसबेलासम्म इस्राएलमा कुनै राजा थिएनन् तर यी न्यायकर्ताहरूले नै मानिसहरूलाई आवश्यक नेतृत्व प्रदान गर्दथे ।

## बारम्बार दोहोरिएको चक्र

न्यायकर्ताको पुस्तकमा हामी एउटा चक्रको बारेमा सिक्छौं जसका चारओटा चरणहरू थिए:

१) **विद्रोह**: इस्राएलीहरूले पाप गर्थे, प्रभुबाट तर्केर जान्थे र परमेश्वरको नजरमा ज्यादै दुष्ट कामहरू गर्थे ।

२) **बदला**: परमेश्वरले आफ्ना जनहरूलाई सजाय दिनुहुन्थ्यो र शत्रुहरूलाई उनीहरूमाथि शासन गर्न र उनीहरूलाई कमारा–कमारी बनाउन दिनुहुन्थ्यो ।

३) **बदली**; अन्तमा उनीहरू परमेश्वरलाई गुहार्थे तर त्यो पनि परिस्थिति असह्य भएपछि मात्रै ।

४) **विश्राम**: अनुग्रहमा परमेश्वरले तिनीहरूको पुकारा सुन्नुहुन्थ्यो र इस्राएललाई ती शत्रुहरूदेखि बचाउन एउटा न्यायकर्ता उठाउनुहुन्थ्यो ।

आज विश्वासी जनले आफू समस्याको गहिरो दलदलेभित्र पुग्नुभन्दा अगाडी नै परमेश्वरलाई पुकारा गर्न सिक्नुपर्छ । सबै कुरा राम्रै हुँदा पनि प्रभुलाई पुकार्नु असल हो ।

न्यायकर्ताको पुस्तक पढ्दा यो चक्र बारम्बार दोहोरिएको पाइन्छ । यस चक्रको बारेमा न्यायकर्ता २:११–१९ मा पढ्न सकिन्छ । यस चक्रलाई बुझ्नालाई तलको चित्रलाई अध्ययन गर्नुहोस्:

© Wordoftruth Publishing (2010) – *wordoftruth.com.np*




न्यायकर्ताको पुस्तकमा यो चक्र बारम्बार दोहोरिएको पाइन्छ । तपाईंको जीवन कस्तो छ नि ? यस चक्रलाई हेर्दा तपाईंले आफूलाई कुनचाहिँ ठाउँमा भेट्टाउनुहुन्छ ? तपाईं परमेश्वरको सेवा गर्दैहुनुहुन्छ कि पापको ? तपाईं परमेश्वरतिर फर्कंदैहुनुहुन्छ कि परमेश्वरदेखि तर्किंदैहुनुहुन्छ ? तपाईंको देश नि ? यस चक्रको कुनचाहिँ ठाउँमा तपाईंको देश भेटिन्छ ? भविष्यलाई हेर्दा तपाईंको देश कतातिर लम्किरहेको देखिन्छ ?

## न्यायकर्ताको पुस्तकको चाबी पद

न्यायकर्ताको पुस्तकको चाबी पद दुई ठाउँमा भेटिन्छ: **न्यायकर्ता** १७:६ मा र २१:२५ मा । के दुवै पद उस्तै छन् ? सायद न्यायकर्ता २१:२५ लाई याद गर्न र भेट्टाउन बढी सजिको छ किनकि यो यस पुस्तकको अन्तिम पद पनि हो ।

## राजा नभएको राज्य

यी पदहरू अनुसार न्यायकर्ताको समयमा इस्राएलमा कुनै राजा थिएन । तपाईं त्यसबेलाको एक इस्राएली हुनुभएको भए यो कुरा तपाईंलाई कस्तो लाग्थ्यो होला ? सायद कतिलाई यस्तो विचार आउँथ्यो:




तर उसले राम्ररी सोच्नुपर्थ्यो । उसले यसरी भन्नुपर्थ्यो: "होइन, हामीसित राजा बास्तवमा हुनुहुन्छ ! किनकि **परमप्रभु** हाम्रा राजा हुनुहुन्छ । हामीसित महान् परमेश्वर हुनुहुन्छ जसले नै हामीलाई शासन गर्नुहुन्छ, हाम्रो देखरेख गर्नुहुन्छ, हामीलाई रक्षा गर्नुहुन्छ । अन्य कुनै जातिले हामीले जस्तै गरी परमेश्वर (परमप्रभु यहोवा) लाई आफ्नो राजाको रूपमा पाएका छैनन् ! "

दुःखको कुरा ती मानिसहरूले त्यसरी विचार गर्न सकेनन् । बरु तिनी सबका सब आफू–आफू नै राजा हुनालाई रोजे !

© Wordoftruth Publishing (2010) – *wordoftruth.com.np*

## मेरो राजा म आफैं हूँ !

न्यायकर्ताको आखिरी पदले बताउँछ, "...हरेक मानिसले _________ दृष्टिमा जे ठीक लाग्यो त्यही गर्दथ्यो । " के तिनीहरूले परमेश्वरको दृष्टिमा जे ठीक थियो त्यही गरे ? ___________ । कसको विचारअनुसार कुन ठीक कुन बेठीक भनेर फैसला गरिन्थ्यो ? _____________ । कसको विचारअनुसार आफ्नो काम–कर्तव्यको निर्धारण गरिन्थ्यो ? तिनीहरूको भनाइ यस प्रकार थियो:




तपाईं नि ? तपाईं कसलाई आफ्नो राजा बनाउनुहुन्छ ? आफैंलाई कि परमेश्वरलाई ? तपाईं कुन रोज्नुहुन्छ, परमेश्वरको दृष्टिमा जे ठीक छ त्यही गर्नालाई कि आफ्नो दृष्टिमा जे ठीक लाग्छ त्यही गर्नालाई के तपाईं परमेश्वरभन्दा पनि असल राजा हुनुहुन्छ ? **आफ्नो जीवनमा परमेश्वरबिना आफैं राज्य गर्न चाहनेहरू आफैंमाथि विनाश निम्त्याउँदैछन् !** न्यायकर्ताको पुस्तकको विषयवस्तु यही नै हो ।

परमेश्वर, दिने काममा विश्वासयोग्य बनिरहनुहुन्छ । मानिस जाति बारम्बार विफल बन्दछ । मानिस विफल बने तापनि मानिसलाई खोज्न र बचाउन परमेश्वर विश्वासयोग्य बन्न छाड्नुहुन्न ।

# रूथ

## उद्धारको प्रेम–कहानी

रूथ एउटा छोटो पुस्तक हो । यसमा कतिओटा अध्यायहरू छन् ? _________ । रूथको पुस्तकका घटनाहरू कुन समयमा घटेका थिए (रूथ १:१) ? ____________________ । न्यायकर्ताको समय पाप र दुष्टताको समय थियो, तरैपनि त्यसबेला इस्राएलको कुनै एक कुनामा एउटा सुन्दर ज्योति चम्कन सकेको थियो भन्ने कुरा रूथको पुस्तकले देखाएको छ । रूथको पुस्तकको कहानी न्यायकर्ताको समयमा घोर अन्धकारमा चम्किरहेको बत्ती झैं बलिरहेको थियो ।

रूथको पुस्तकको नाम यहोशूको पुस्तकजस्तै पुस्तकको प्रमुख व्यक्तित्वको नाममा आधारित छ । यस पुस्तकमा वास्तवमा तीनजनाको प्रमुख भूमिका भएको पाउँछौं:

१) **रूथ**, मोआबकी स्त्री

२) **नाओमी**, रूथकी सासु

३) **बोअज**, ती यहूदी पुरुष जो रूथका पति बने ।

© Wordoftruth Publishing (2010) – *wordoftruth.com.np*

## मसीहको वंशावली

हामीले यस अध्ययनमालाको पहिलो दोस्रो अध्यायमा मुक्तिदाताको वंशावलीको केही चर्चा गरेका थियौं । रूथ र बोअज यस वंशावलीका महत्त्वपूर्ण व्यक्तिहरू हुन् । रूथ ४:१७ अनुसार रूथका जेठा छोरा **ओबेद** थिए । यस पद (४:१७) अनुसार राजा दाऊदसँग रूथको कुन नाता पर्थ्यो ? _______________ । मुक्तिदाताको गौरवमय वंशावलीमा रूथले समेत स्थान पाइन् । एक हिसाबमा उनी मसीहकी आमा थिइन् किनकि उनीबाटै एक दिन प्रभु येशू ख्रीष्ट स्वयं आउनुभएको हो । के तपाईंले मत्तीको पहिलो अध्यायमा भएको **मसीह राजा**को गौरवमय वंशावलीमा रूथ र बोअजको नामहरू भेट्टउन सक्नुहुन्छ ? कुन पदमा ? _________

## दुईटा महत्त्वपूर्ण पदहरू

रूथको पुस्तकमा दुईटा सुन्दर पदहरू छन् जसमा इस्राएलका परमेश्वरसँगको रूथको सम्बन्धलाई प्रकट गरिएको छ:

**१) रूथ १:१६**

इस्राएलका परमेश्वरलाई आफ्नो व्यक्तिगत परमेश्वर बनाउनालाई रूथले गम्भीर निर्णय गरिन् । त्यसबेला रूथले आफ्नो निर्णयलाई यी शब्दहरूले व्यक्त गरेकी थिइन्: "तपाईंका मानिसहरू मेरा मानिसहरू हुनेछन्, अनि तपाईंका ___________ मेरा ___________ हुनेछन् । " रूथले परमेश्वरलाई **आफ्नो परमेश्वर** बनाउने इच्छा गरे । के यस्तै निर्णय तपाईंले पनि गर्नुभयो ? के तपाईंले जीवित परमेश्वरलाई **आफ्नो परमेश्वर** बनाउनुभयो ?

**२) रूथ २:१२**

आफ्नो सारा भरोसा इस्राएलका परमेश्वरमाथि राख्ने रूथको सुन्दर निर्णयलाई यस पदमा देख्न सकिन्छ: "...उनको छत्रछायाँमुनि ___________ लिनलाई तिमी आएकी छौ, उनै परमप्रभु इस्राएलका परमेश्वरले प्रशस्त उपहार दिऊन् । " के तपाईं परमेश्वरको पखेटामुनि आउनुभयो ? योभन्दा सुरक्षित ठाउँ अरू कतै छैन !

## दाजुभाइको नाउँलाई कायम राख्नुपर्ने व्यवस्था

यो कुरा व्यवस्था २५:५–१० मा छ । रूथको पुस्तक बुझ्नलाई त्यहाँ उल्लेखित व्यवस्थालाई बुझ्नु आवश्यक छ । व्यवस्था २५:५ पढ्नुहोस् । रूथका पति निःसन्तान मरेका थिए । यस व्यवस्थाअनुसार मृत पतिका दाजु वा भाइले आफ्नी भाइ–बुहारी वा दाइ–भाउजुलाई विवाह गर्न सक्दछ । उक्त वैवाहिक सम्बन्धबाट जन्मेको जेठा छोरालाई मृत पतिको नाउँ दिइन्थ्यो जसले नै मृत पतिको पैतृक सम्पत्ति प्राप्त गर्थ्यो (व्यवस्था २५:६) । उक्त विधवालाई विवाह गर्नलाई दाजु वा भाइलाई बाध्यता थियो कि थिएन (व्यवस्था २५:७–१०) ? __________

## नातेदार–उद्धारक

**उद्धार**: रूथको पुस्तकको मूल सन्देश यही हो । बोअज रूथका **नातेदार–उद्धारक** बने । उनी रूथका मृतक पतिका नजिकका नातेदार थिए । नजिकका नातेदार भएकै कारण उनले रूथलाई विवाह गर्न सके । रूथको पुस्तक पढ्दा हामी हाम्रा महान् **उद्धारक**, प्रभु येशू ख्रीष्टलाई सम्झन पुग्छौं । येशू ख्रीष्ट हाम्रा **नातेदार–उद्धारक** हुनुहुन्छ । बोअज हाम्रा महान् उद्धारक प्रभु येशू ख्रीष्टको सुन्दर छायाँ हुन् । रूथको पुस्तकमा यसरी चित्रण गरिएका निम्न सत्यताहरूलाई विचार गरौं:

१) **नातेदार–उद्धारक** रगतकै नाता हुनुपर्थ्यो ।

पापी मानिसलाई उद्धार गर्न येशू ख्रीष्ट कुन कुराको भागी हुनुभयो (हिब्रू २:१४) ? __________________________ । ख्रीष्ट एक मानव बन्नुभयो, उहाँ "आफ्ना ___________समान हुनुपरेको थियो" (हिब्रू २:१७) । उहाँ हाम्रो रगतकै नाता बन्नुभयो !

२) **नातेदार–उद्धारक**सित जग्गा खरिद गर्नलाई पर्याप्त रकम हुनुपर्थ्यो ।

बोअज धनी थिए र उक्त रकम तिर्न सक्थे (रूथ २:१) । प्रभु येशू ख्रीष्ट हाम्रो छुटकाराको त्यो ठूलो दाम तिर्न सक्षम हुनुहुन्थ्यो (१ कोरिन्थी ६:२०) । आफ्नै जीवन अर्पण गरेर आफ्नै रगतद्वारा उहाँले उक्त मोल चुक्ता गर्नुभयो (१ पत्रुस १:१८–१९) ।

३) **नातेदार–उद्धारक** उद्धार गर्नलाई तयार हुनुपर्थ्यो ।

© Wordoftruth Publishing (2010) – *wordoftruth.com.np*

के ख्रीष्ट पापीहरूलाई उद्धार गर्नलाई तयार हुनुभयो (लूका २२:४२; हिब्रू १०:१७) ? ______________

४) **नातेदार–उद्धारक**ले उसले विवाह गर्नुपर्न व्यक्तिलाई प्रेम गर्नुपर्थ्यो ।

बोअजले रूथलाई प्रेम गरे । के ख्रीष्टले पापीहरूलाई प्रेम गर्नुभयो (रोमी ५:८) ? ______________

५) **नातेदार–उद्धारक** विवाह गर्नलाई तयार हुनुपर्थ्यो ।

बोअज रूथलाई विवाह गर्न तयार थिए । प्रत्येक विश्वासी उहाँसितै विवाह गरिएको छ जो नै हाम्रा नेतादार–उद्धारक हुनुहुन्छ (हेर्नुहोस् रोमी ७:४) । प्रभु येशू ख्रीष्टसित हाम्रो एक अति सुन्दर प्रेमको सम्बन्ध छ !

के ख्रीष्टले तपाईंको उद्धार गर्नुभयो ? के उहाँले तपाईंलाई बचाउनुभयो ? के तपाईं उहाँसितको आफ्नो प्रेमको सम्बन्धमा आनन्दित हुनुहुन्छ ?

थुप्रै नेपाली बाइबल अध्ययन सामग्री पाइने वेबसाटइः *wordoftruth.com.np*

यस लेखको नेपाली रूपान्तरको सर्वाधिकार प्रकाशकमा सुरक्षित - © Wordoftruth Publishing (2010)